१०६८। ६६०

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

राष्ट्रिय सूचना आयोग २०६५

आदेश

मु.नं. ५३३/२०७२/०७३

निर्णय नं. ६९०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), सिम्रौनगढ नगरपालिका कार्यालय, बारा ..................१ विपक्षी

सूचना अधिकारी, सिम्रौनगढ नगरपालिका कार्यालय, बारा ..........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले सिम्रौनगढ नगरपालिका कार्यालय, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम सिम्रौनगढ नगरपालिका कार्यालय, बारालाई मिति २०७२।०७।२९ च.नं ४६९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त सिम्रौनगढ नगरपालिका कार्यालय, बाराले मिति २०७२।१०।१९, च.नं. २८२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा उपलब्ध गराईएकोले यसको प्रतिलिपि पुनरावेदकलाई उपलब्ध गराई प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।